मध्यान्ह
www.madhyanhadaily.com
पो.हु.का.द.नं. ३३/०६९/०७०
९ चैत २०८१ शनिबार
22 March 2025, Saturay

# 'गजल गायनको स्वर्ण दशक'मा भिडेका सन्तोष

## ४४ वर्षको उमेरमा ४४ वटै एल्बम



अस्मिता बम/मध्यान्ह
काठमाडौं, ८ चैत ।

एक पटक सोचौं त-सगीतविनाको गीत कस्तो सुनिन्छ होला ! पक्कै पनि बेस्वादको झैं, केके नपुगे झैं । सगीतविनाको गीत मनपराउने सायदै भेटिन्छन् । लेख्दैमा र गाउँदैमा गीतले पूर्णता पाउँछ त ? पक्कै पनि पाउँदैन । गीतलाई पूर्ण बनाउने एक मात्र तत्त्व छ- सगीत ।

जब गीतमा सगीतकारले आफ्नो कला भर्छन्, तब त्यो गीत सुनौंसुनौं खालको भइदिन्छ।

यसरी कुनै पनि गीतमा सगीतको रस भरेर सुनिरहूँ लाग्ने बनाइदिने संगीतकार हुन्- सन्तोष श्रेष्ठ । २०३७ सालमा दाइको धोबादीमा जन्मेका श्रेष्ठले गाउँघरकै मौलिक लोक गीत-सगीतबाट आफ्नो अनौपचारिक सांगीतिक यात्रा सुरु गरेका हुन् । औपचारिक रूपमा भने उनी २०५६ सालतिर सगीत क्षेत्रमा जोडिएका हुन् ।

कुनै समयमा पात बजाउँदा मात्र पनि हुरुक्क हुने उनलाई लागेको थिएन, 'मैले नेपालमा मात्र होइन, अन्तर्राष्ट्रिय सगीत जगत्मै विश्व कीर्तिमान रच्छु ।' ५० अन्तर्राष्ट्रिय भाषाका गीतमा सगीत भरी सन् २०२२ मा उनले गिनिज बुक अफ वर्ल्ड रेकर्ड्समा नाम लेखाइसकेका छन् ।

श्रेष्ठ भन्छन्, 'दाइको सानो गाउँ । घरमा पहिला कोही सगीतको पृष्ठभूमि भएको हुनुहुन्नथ्यो । तर, मलाई खै किन हो, चराको चिरिबिरी पनि सगीतझैं लाग्ने, त्यसमै स्वर भरौंभरौं लाग्ने ।'

आफ्नो व्यावसायिक सांगीतिक यात्रा लोक सगीतबाट अघि बढाएका उनले हालसम्म सयौं गीत र गजललाई सगीत भरी मूर्त बनाएका छन् । तिनैमध्येका 'तिमीले पराई ठानेपछि पराई हुन के भयो र', 'आउँछु भनी निष्ठुरीले धर किन पार्नु', 'तिमीले भुल्न सके पनि मैले भुल्न सकिनँ थो', 'तिम्रो दिलमा चोट लाग्दा मेरो दिलमा दुख्छ', 'तिमीलाई सन्चो छैन भन्ने खबर पाएँ मैले' र 'परे म मर्छु भोकले म दास बाँच्न सक्दिनँ' लगायत गीत र गजलहरू सुपरहिट छन् ।

'तिमीले पराई ठानेपछि पराई हुन के भयो र' गीत त झन् नेपाली गीत-सगीतको इतिहासमै सबैभन्दा बढी मोबाइल रिङ्ब्याकटोनका लागि डाउनलोड भएको थियो । सन्तोषले हालसम्म ८०० बढी गीत, गजलमा सुमधुर सगीत भरिसकेका छन् भने ४४ वटा एल्बम आइसकेका छन् ।

'उमेर बराबरकै एल्बम आएछन् नि ?' हाम्रो जिज्ञासामा सन्तोष भन्छन्, 'यसरी गनेको थिइनँ तर संयोग यस्तै भएछ- ४४ वर्षको उमेरमा ४४ वटै एल्बम आएछन् ।'

### नाम एक, काम अनेक

सन्तोष श्रेष्ठ संगीतकार मात्र हुन् त ? पक्कै पनि होइनन् । उनी राम्रा गायक पनि हुन् र लेखक पनि । उनले दर्जनौं गीत गाएका पनि छन्, साहित्यिक कृति लेखेका पनि । अहिलेको समयमा जति उनी सगीतकार भनेर चिनिन्छन्, उति नै गायक, गजलकार, आख्यानकार भनेर पनि परिचित छन् । उनका 'आँसु' गजलकृति, 'अधुरो सपना' लघुकथा र पछिल्लो समय 'फरेना' उपन्यास कृतिका रूपमा आइसकेका छन् । उनले अझै अर्को भिन्न परिचय पनि बनाएका छन्, अनुसन्धानकर्ताको ।

अनुसन्धानकर्ता यस कारण हुन्, उनले दशकौं पहिले लेखिएका नेपाली साहित्यका विशिष्ट व्यक्तित्व कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, राष्ट्रकवि माधवप्रसाद घिमिरे र वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीका गीत र गजल खोजेर आफैंले स्वर र संगीत भरेका छन् ।

यसमा कवि शिरोमणिको 'हे मातृभूमि' नामक गजल, महाकविको 'आकाशमा शशी छन्' नामक गजल, राष्ट्रकविको 'पश्चिम हन्छ महाकाली' नामक गीत र वाङ्मय शताब्दी पुरुषको 'माया रानीलाई' नामक गीत छन् । योसँगै जगलकार घनेन्द्र ओझासँग मिलेर उनी वि.सं. २०८०-२०९० लाई 'नेपाली शास्त्रीय गजल गायनको स्वर्ण दशक' बनाउने अभियानमा छन् । अभियानको सुरुवात भइसकेको बताउँदै उनी भन्छन्, 'स्वर्ण दशकको सुरुवात शुभेच्छा एल्बमबाट भएको छ । घनेन्द्र ओझाको एकल रचना र मेरो संगीत छ, जसमा हामीले ४ पुस्ताका गायक/गायिकाको स्वर भरेका छौं ।' यस एल्बममा गायनको पहिलो पुस्ताबाट ज्ञानु राणा, दोस्रो पुस्ताबाट आनन्द कार्की, तेस्रो पुस्ताबाट शिव परियार, निशा देशार, सन्तोष श्रेष्ठ र चौथो पुस्ताबाट अस्मिता अधिकारीको स्वर रहेको उनले बताए । सँगै यस एल्बममा लैंगिक हिसाबले पनि बराबर गायक/गायिका समेटिएका उनको भनाइ छ ।

'शुभेच्छा' एल्बमलाई विश्लेषकहरूले पहिलो शास्त्रीय गजलको एल्बम भनेका सन्तोष बताउँछन् । 'काम गर्दै जाँदा जन्मिएको हो शुभेच्छा तर विश्लेषकहरू यसलाई पहिलो शास्त्रीय बहरबद्ध नेपाली गजल एल्बम भन्नुहुन्छ, राम्रै काम गरिएछ भन्ने लाग्छ ।'

उनी चाँडै 'सागर' नामक बहरबद्ध गजलहरूको एलबमको तयारीमा रहेका बताउँछन् । यस एल्बममा गजलकार घनेन्द्र ओझा र राधा कोइरालाका शब्द रहने छन् भने संगीत र स्वर सन्तोष स्वयंको हुने छ ।

उसो त गजल गायन अभियानकै क्रममा सन्तोषले काठमाडौंमा र दाङमा एकल प्रत्यक्ष गायन सम्पन्न गरिसकेका छन् । अझै देशभर प्रत्यक्ष गजल गायनका कार्यक्रम गर्ने तयारीमा रहेका उनी बताउँछन् ।

### 'सादा जीवन उच्च विचार'

लोक सगीत हुँदै सुगम सगीत र हाल गजल गायनलाई तताइरहेका श्रेष्ठ कर्ममा विश्वास गर्छन् । उनलाई देखावटीपन मनपर्दैन । 'सन्तोष श्रेष्ठले कस्तो खाना खान्छ, कस्तो लुगा लगाउँछ, कस्तो गाडीमा हिँड्छ, कस्तो घरमा बस्छ भनेर हेर्दा पनि कस्तो सिर्जना लिएर आउँछ, उसको चेतना र चिन्तनको स्तर के हो भनेर मान्छेले हेरून् जस्तो लाग्छ', सादा जीवन उच्च विचार भएका सन्तोष भन्छन् ।

आफूले रचेको विश्व कीर्तिमानलाई पनि उनी सिकाइ र जिम्मेवारीको एउटा खुड्किलो मान्छन् । भन्छन्, 'काम गर्दै जाँदाको एउटा पाटो हो कीर्तिमान । सबै थोक अब त्यही मात्र हो भन्ने होइन । कुनै कामका माध्यमबाट विश्व कीर्तिमान हुन्छ भने त्यो आश्चर्य होइन । हामी गजल गायनको अभियानमा छौं । भोलि गजल गायनमै कीर्तिमानी भयो भने त्यो त प्लस प्वाइन्ट हो ।'

कुनै गीतहरू सिर्जनाको उचाइमा पुग्नु भनेको त्यो सिर्जनाका लागि सय प्रतिशत होला तर त्यसपछिको अर्को काम त शून्यबाटै गर्ने हो नि ! भन्ने उनको धारणा छ । 'त्यसैले, त्यो सिर्जना उचाइमा पुग्न अति चुनौती थियो, अर्को रचना सुरुवात गर्न त्यत्तिकै चुनौतीपूर्ण छ', सन्तोष भन्छन् । उनी एउटा काममा सफल हुनुलाई जीवन नै सफल भएको पनि मान्दैनन् । 'एउटा सिर्जना मैले सय गरेको थें । अब अर्को जस्तो गरे पनि सुनिहाल्छन् नि ! हेरी त हाल्छन् नि ! भनेर त हुँदैन । त्यो अर्कोको पनि शून्यबाटै सयमा पुऱ्यायो भने प्रभाव रहने हो', उनी भन्छन् ।

सगीत क्षेत्रमा अढाइ दशक बिताइसकेका श्रेष्ठ हालको नेपाली सगीत क्षेत्रमा गुणस्तरीयताको कमी भएको बताउँछन् । सस्तो लोकप्रियताका लागि जसले पनि, जस्तो पनि लेख्ने, संगीत भर्ने र गाउने प्रवृत्तिका कारण गीत-सगीतको क्षेत्रमा चुनौती बढेको उनले महसुस गरेका छन् ।

साथै, पछिल्लो पुस्ताले सगीत सिकाइमा र अभ्यासमा कन्जुस्याइँ गर्ने गरेको उनको गुनासो छ । 'गायक र संगीतमा रुचि भएकाहरू अनलाइन प्लेटफर्मबाट सिक्न खोज्छन् । प्रशिक्षक पनि १५ सेकेन्डको टिकटक भएको छ । त्यो व्यापार, बिजनेस बढाउन ठीक होला तर कला बढाउनका लागि प्रशिक्षकको काम गर्दैन । त्यसले सूचना मात्र दिने हो', उनी भन्छन् ।

यो क्षेत्रमा टिकिरहन सैद्धान्तिक अध्ययनले विशेष भूमिका खेल्ने उनी बताउँछन् । भन्छन्, 'जति अध्ययन गऱ्यो, त्यति ज्ञान बढ्छ । नयाँ कुरा सिकिन्छन् । कसरी गर्ने भन्ने आइडिया मिल्छ, ऊर्जा मिल्छ ।' योसँगै निरन्तरको लगाव, अभ्यास र धैर्यले सफल भइने उनको विश्वास छ ।




## रुन्टीगढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
होलेरी, रोल्पा
लुम्बिनीप्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८१/१२/०८)

यस कार्यालयबाट मिति २०८१/१०/२८ गतेको नेपाल राष्ट्रिय दैनिकमा आव्हान गरिएको तपशिल बमोजिमको ठेक्कामा विद्युतिय माध्यमबाट E-Bidding मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये मुल्याङ्कनमा न्युनतम मुल्याङ्कित निम्न बोलपत्र सारभूत रुपमा प्रभावकारी देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक मु.अ.क. बाहेक |
|---|---|---|---|---|
| १ | ROLPA/RRM/NCB/ 12/2081/082 | होलेरी प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नति योजना | मनोज एण्ड साधना निर्माण सेवा, लिबाङ ०३, रोल्पा । | ५१,३१,३२९।३६ |
| २ | ROLPA/RRM/NCB/ 13/2081/082 | सेमलढाँडा देखी लाखुरीढाँडा सालबाङ बासिबाङ लिफ्टीङ खानेपानी योजना | बि.एम.ग्लोबल कम्पनी प्रा.लि परिवर्तन ०४, रोल्पा । | २३,२०,६४९।७० |

प्रमुख प्रशासकिय अधिकृत



## Tinau Rural Municipality
## Office of The Rural Municipal Executive
Dobhan-02, Palpa

### Invitation of Bids

**Publication Date: 2081/12/09**

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible Bidders for following tabulated works.
2. Interested eligible Bidders may obtain further information from the office of Tinau Rural Municipality Phone No:075413064/ 9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp before 12:00 hrs. as per following table and Bid Opening will be held in same day at 13:00 Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.

| Contract Number | Description of Works | Estimated Amount with (VAT and PS) | Bid Security Amount (NPR) | Bid Document Fee (NPR) | Bid Opening Date. |
|---|---|---|---|---|---|
| TRM/NCB/ GOODS/04/ 2081-082 | Supply and Installation of Furniture and Furnishing Works at Tinau Rural Municipality Office. | 32,84,922.79/- | 80,000/- | 3,000/- | 09 Baishak 2082 Online E-Bid. (NCB) |
| TRM/NCB/ WORK/ 06-03RE2/2081-082 | Construction of Home stay Building at Jantilung and Maramkot. | 96,94,367.17/- | 2,50,000/- | 3,000/- | 17 Chaitra 2081 Online E-Bid. (NCB) |
| TRM/SQ/ WORK/ 08RENEW/ 2081-082 | Construction of Roadway for Budikot to Khordiwang. | 18,61,018.72/- | 50,000/- | 1,000/- | 25 Chaitra 2081 Online E-Bid. (SQ) |

4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Laxmi Sunrise Bank Limited.
Name of Office: Office of Tinau Rural Municipality
Office Code no. : 40-365-13 Rajasho Shirsak Num :-14229040.
Office Account No:08103000028(For Bid Fee), Office Account No.:08103000185(For Bid Security)

**Cheif Administrative Officer**


प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-४५०६३४४, ०१-४५२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ